परिवर्तनका लागि एक नयाँ आवाज
# टक नेपाल
Talk Nepal National Daily राष्ट्रिय दैनिक

वर्ष : ४ अंक : ११८ पृष्ठ ४ २०८२ फागुन ०५ गते, मंगलबार 17 February, 2025 मूल्य रु. ५/-

हामीलाइ www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।




## मिथिला मध्यमा
# परिक्रमा विधिवत रुपमा शुरु

टक नेपाल

मिथिलाको महाकुम्भको रूपमा चिनिने धार्मिक तथा ऐतिहासिक १५ दिने मिथिला मध्यमा परिक्रमा आजदेखि विधिवत रूपमा शुरु भएको छ । धनुषाको मिथिला बिहारी नगरपालिका-८ कचुरीस्थित मिथिला विहारी मन्दिरबाट झाँकी, कीर्तनसहित मुख्य डोला निकालिएको हो ।

मधेस प्रदेशका मुख्यमन्त्री कृष्ण यादव तथा विभिन्न साधुसन्तहरूले संयुक्त रूपमा डोला मन्दिरबाट निकालेपछि परिक्रमा औपचारिक रूपमा प्रारम्भ भएको हो । यो परिक्रमा १५ दिनसम्म चल्नेछ र यसमा हजारौं साधुसन्त तथा श्रद्धालुहरू सहभागी छन् ।



यात्राले कुल १३३ किलोमिटर दूरी तय गर्दै नेपाल र भारतका विभिन्न पवित्र स्थलहरू पार गर्नेछ । परिक्रमामा १५ स्थानमा रात्रि विश्राम गरिन्छ, जसमध्ये अधिकांश नेपालमा र केही भारतको बिहारमा पर्छन् । कचुरीबाट निस्केको डोलासहितका श्रद्धालुहरू साँझ जनकपुरधामको हनुमानगढीमा पुगेर विश्राम गर्नेछन् ।

जनकपुरधामको सुन्दर सदन मन्दिरबाट किशोरीजी, रामजानकी तथा अन्य मन्दिरका डोलाहरू पनि यसमा समाहित हुनेछन् । हनुमानगढीबाट मंगलबारदेखि परिक्रमा पूर्ण रूपमा विधिवत अगाडि बढ्नेछ । अठारौं शताब्दीदेखि चल्दै आएको यो परम्परा मिथिला महात्म्य ग्रन्थमा आधारित छ । परिक्रमा १५ औं दिन जनकपुरधाममा अन्तर्गृह परिक्रमा (पञ्चकोशी) पूरा गरेपछि समापन हुन्छ र त्यसको भोलिपल्ट मिथिलाञ्चलमा होली पर्व मनाउने प्रचलन छ ।

जनविश्वासअनुसार मन, वचन र कर्मले परिक्रमा गर्दा अनेकौं पाप तथा अन्याय नष्ट हुने, मनोकामना पूरा हुने तथा अन्ततः मोक्ष प्राप्ति हुने विश्वास गरिन्छ। यो धार्मिक यात्राले नेपाल-भारतबीचको सांस्कृतिक एकतालाई पनि मजबुत बनाउँदै आएको छ। श्रद्धालुहरूले यसलाई भगवान राम र माता जानकीको मिथिला आगमनसँग जोडेर हेर्ने गर्छन् । -न्युज एजेन्सी नेपाल




# पत्रकार दुर्व्यवहारप्रति संघले गम्भीर ध्यानाकर्षण

चन्दन रजक




प्रेस जनमत संघ सप्तरीका अध्यक्ष रुपेश यादवमाथि सोमबार जिल्ला प्रहरी कार्यालय सप्तरीमा भएको भनिएको दुर्व्यवहारप्रति संघले गम्भीर ध्यानाकर्षण जनाएको छ। संघका अनुसार रिपोर्टिङका क्रममा प्रहरीले भिडियो खिच्न नदिई डिलिट गर्न दबाब दिएको र सञ्चार सामग्री खोस्ने प्रयास गरिएको आरोप लगाइएको छ।

संघले जारी गरेको विज्ञप्तिअनुसार जिल्ला प्रशासन कार्यालयको अनुगमनका क्रममा निर्वाचन आचारसंहिता विपरीत गतिविधिमा संलग्न भारतीय नम्बर प्लेटको सवारी नियन्त्रणमा लिइएको विषयमा समाचार संकलनका लागि पुगेका बेला अध्यक्ष यादवमाथि दुर्व्यवहार भएको हो। सो क्रममा डिएसपी डम्बर बहादुर पुरीको उपस्थितिमा सहायक प्रहरी निरीक्षक उदय सिंहले असभ्य व्यवहार गर्दै खिचिएको भिडियो डिलिट गर्न दबाब दिएको र सञ्चार सामग्री खोस्ने प्रयास गरेको आरोप संघले लगाएको छ।

विज्ञप्तिमा डिएसपी पुरीले नियन्त्रणमा लिने धम्कीसमेत दिएको उल्लेख गर्दै उक्त घटनालाई प्रेस स्वतन्त्रतामाथिको प्रहार भएको जनाइएको छ। निर्वाचनको संवेदनशील समयमा रिपोर्टिङका लागि जिल्ला प्रहरी कार्यालय पुगेका पत्रकारलाई हप्काएर भिडियो मेटाउन लगाउने प्रयासले प्रहरीको प्रेस स्वतन्त्रताप्रतिको धारणा सकारात्मक नरहेको संकेत गरेको संघको भनाइ छ।

प्रेस जनमत संघले घटनामा संलग्न प्रहरीमाथि छानबिन गरी आवश्यक कारबाही गर्न तथा प्रेस स्वतन्त्रताको सम्मान सुनिश्चित गर्न माग गरेको छ।

पत्रिकाका लागि एक नयाँ आवाज
टक नेपाल
Talk Nepal National Daily राष्ट्रिय दैनिक

## सम्पादकीय

### प्रेस स्वतन्त्रतामाथि हस्तक्षेप

प्रेस जनमत संघले सार्वजनिक गरेको विज्ञप्तिअनुसार जिल्ला प्रहरी कार्यालय सप्तरीमा संघका अध्यक्ष रुपेश यादवमाथि भएको भनिएको दुर्व्यवहारप्रति गम्भीर ध्यानाकर्षण भएको छ। लोकतान्त्रिक शासन व्यवस्थामा प्रेस स्वतन्त्रता राज्यको मेरुदण्ड मानिन्छ। यस्तो अवस्थामा रिपोर्टिङका क्रममा भिडियो खिच्न नदिई डिलिट गर्न दबाब दिनु वा सञ्चार सामग्री खोस्ने प्रयास गर्नु अत्यन्तै आपत्तिजनक र अस्वीकार्य व्यवहार हो।

निर्वाचनजस्तो संवेदनशील समयमा सञ्चारकर्मीले सूचना संकलन गर्नु उनीहरूको पेशागत दायित्व हो। यदि सुरक्षाकर्मीबाट नै पत्रकारलाई हप्काउने, धम्क्याउने वा नियन्त्रणमा लिने चेतावनी दिने कार्य हुन्छ भने यसले राज्य संयन्त्रप्रतिको जनविश्वास कमजोर बनाउँछ। प्रहरी संगठनले कानून कार्यान्वयनसँगै नागरिक अधिकारको संरक्षण पनि गर्नुपर्छ। प्रेसमाथि अनावश्यक हस्तक्षेप गर्नु संविधानले प्रत्याभूत गरेको अभिव्यक्ति स्वतन्त्रताको उल्लंघन हो।

घटनाको निष्पक्ष छानबिन गरी दोषीमाथि कारबाही गर्नु मात्र होइन, भविष्यमा यस्ता घटना नदोहरिने वातावरण सुनिश्चित गर्नु आवश्यक छ। प्रहरी र सञ्चार क्षेत्रबीच सहकार्य, सम्मान र पारदर्शिताको संस्कृति विकास गर्नु आजको आवश्यकता हो। प्रेस स्वतन्त्रताको सम्मान बिना लोकतन्त्र सुदृढ हुन सक्दैन।

# जनकपुरबाट अयोध्या सिधा उडान भर्ने तयारी, रामायण सर्किट जोड्न पहल गरिने

• टक नेपाल



मधेस प्रदेशका मुख्यमन्त्री कृष्ण यादवले जनकपुरधामलाई धार्मिक पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न भारतको अयोध्यास्थित राम मन्दिरसँग सिधा हवाई उडानमार्फत जोड्ने पहल गरिएको बताएका छन् । मिथिला मध्यमा परिक्रमाको अवसरमा सोमबार सञ्चारकर्मीहरुसँग कुरा गर्दै उनले यस्तो बताएका हुन् ।

उनले यस पहलले मधेस प्रदेशको पर्यटन प्रवर्द्धनमा नयाँ आयाम थप्ने विश्वास व्यक्त गरे । उनका अनुसार प्रदेश सरकारले मधेस प्रदेशलाई रामायण सर्किटसँग जोड्दै जनकपुर र अयोध्याबीचको सम्बन्धलाई थप प्रगाढ बनाउने योजना अघि सारेको छ ।

सीता सर्किट र रामायण सर्किटलाई जोड्नसके जनकपुरको मात्र नभई सिंगो मधेश प्रदेशकै विकास हुने र यस क्षेत्रले अन्तर्राष्ट्रिय स्तरमा पर्यटकीय गन्तव्यको पहिचान बनाउने विश्वास व्यक्त गरे । यस योजनालाई मूर्त रूप दिन छिट्टै भारत भ्रमण गर्ने र त्यहाँका सम्बन्धित निकायहरूसँग समन्वय गरी कामलाई तिब्रता दिने बताए ।

उनले यस कार्यका लागि सकारात्मक आश्वासन प्राप्त भइसकेको र प्रक्रियालाई तत्काल अगाडि बढाइने जानकारी दिए । जनकपुर विमानस्थलको स्तरोन्नति र विस्तारका लागि सङ्घीय सरकारसँग समेत समन्वय भइरहेको उनको भनाइ छ । विमानस्थल विस्तार गरी अयोध्याबाट सिधा उडान सञ्चालन गर्नसके दैनिक ५ सय भन्दा बढी भारतीय दर्शनार्थीहरू माता सीताको दर्शन गर्न आउने उनको विश्वास छ

# मुसहर समुदायको माग : शौचालयसहित सुरक्षित आवास

• टक नेपाल



लगभग सतप्रतिशत सुकुम्वासी रहेका लहानका मुसहर समुदायले आसन्न प्रतिनिधिसभा निर्वाचनमा शौचालयसहितको सुरक्षित आवासको माग अघि सारेका छन्।

नहरको किनारमा बसोवास गर्दै आएका लहान-२ का गणपतिया सदायले वर्षायाममा बाढीले बगाउने डर र गर्मीयाममा नहरको फोहोरका कारण बस्नै कठिन हुने अवस्था रहेको बताउनुभयो। “घर बनाउन घडेरी छैन। यस सङ्कटपूर्ण जीवनबाट आउने पुस्ता कसरी मुक्त हुन्छ भन्ने चिन्ता सधैं मनमा खेलिरहन्छ,” उहाँले पीडा व्यक्त गर्नुभयो।

यो समस्या गणपतिया सदायको मात्र नभई लहान वडा नम्बर १ र २ मा बसोवास गर्ने करिब तीन सय परिवारको साझा पीडा हो। मुसहर समुदायका अगुवा सोनिया सदायले भन्नुभयो, “यो आठौँ प्रतिनिधिसभा निर्वाचन हो। शौचालयसहित सुरक्षित आवासको ग्यारेन्टी गर्ने दललाई नै मत दिने निर्णयमा हामी पुगेका छौँ।”

अर्का स्थानीय गेना सदायले भन्नुभयो, “यसपटक दारु-भोज चाहिँदैन, सुरक्षित आवास चाहियो। एउटै सानो घरमा आमा-छोरा, सासू-ससुरा उकुसमुकुस भएर बस्नुपरेको छ। आश्वासन होइन, आवासको ग्यारेन्टी चाहिन्छ। हामी यही मागमा अडिग छौँ।”

भूमिहीन समस्या समाधान आयोग, सिराहाका सदस्य राजेन्द्र साहका अनुसार भूमिहीनलाई घर बनाउन जग्गा व्यवस्थापनका लागि सिराहाका १७ वटै स्थानीय तहसँग पटक-पटक पहल गरिए पनि अपेक्षित चासो नपाइएको छ। उहाँले ऐलानी, पर्ती तथा नदीकिनारका असुरक्षित बस्तीकोसमस्यासमाधानका लागि तीनै तहका सरकारबिच प्रभावकारी समन्वय आवश्यक रहेको बताउनुभयो।

दलित जनकल्याण युवा क्लबका अध्यक्ष उमेश विसुन्केले मतदातामा बढ्दो सचेतना र विश्वसनीय घोषणापत्रको खोजी सकारात्मक पक्ष भएको उल्लेख गर्दै मुसहर समुदायका माग जायज रहेको बताउनुभयो। “लहान नगरपालिकामा झन्डै २० हजार दलितको बसोवास छ, जसमा ९० प्रतिशतभन्दा बढी भूमिहीन छन्। सुकुम्वासी समस्या समाधान यसपटकको निर्वाचनमा प्राथमिकतामा आउनै पर्छ,” उहाँले भन्नुभयो।

विकन परियोजनाका निर्देशक कविन्द्र पुडासैनीका अनुसार लहानमा चार हजार २०१ परिवारमा शौचालय नहुनुको प्रमुख कारण जग्गा अभाव हो। मुसहर बस्तीमा सुरक्षित आवास र शौचालयको व्यवस्था दलहरूको घोषणापत्रमा समावेश हुनुपर्ने उहाँको भनाइ छ।






# भारी मत बालेनलाई, प्रधानमन्त्री गगनलाई !

● टक नेपाल

नेपाली राजनीतिमा अहिले सबैभन्दा ठुलो समस्या गलत र सही छुट्ट्याउन नसक्नु मात्र होइन, नेता र अभिनेता छुट्ट्याउन नसक्नु पनि हो। चुनावी मैदान हेर्दा लाग्छ, कसैले नीति प्रस्तुत गरिरहेको छ, कसैले संवाद अभिनय गरिरहेको छ, कसैले क्रान्तिको कविता सुनाइरहेको छ, कसैले विकासको ट्रेलर। फागुन २१ सम्म सबैले आफूलाई विजेता ठानेका छन्। तर २२ गते बिहान को विजेता हुन्छ भन्ने कुरा समयले मात्र निर्णय गर्नेछ। यही अनिश्चितता नै यो निर्वाचनको सबैभन्दा ठुलो पहिचान हो।



यो निर्वाचन साधारण छैन। यो समय अगावै जन्मिन लागेको बच्चा जस्तै हो- नियमित चक्रभन्दा बाहिर, जोखिमपूर्ण तर सम्भावनाले भरिएको। विगतका निर्वाचनहरूमा गठबन्धन, काँध चढ्ने राजनीति, टिकट साटासाट सामान्य थियो। तर यो पटक प्रमुख दलहरू सबै एक्लै मैदानमा उत्रिएका छन्। दशकौँपछि कतिपय निर्वाचन क्षेत्रमा मतदाताले सबै चिन्हका उम्मेदवार देख्न पाएका छन्। यो आफैँमा राजनीतिक इतिहासको महत्त्वपूर्ण मोड हो।

अझ ठुलो कुरा- यो निर्वाचनपछि संसद्को झण्डै दुई तिहाइ अनुहार फेरिने निश्चित जस्तै छ। पुराना नाम, पुराना शैली, पुराना बोलीहरू बिस्तारै बाहिरिनेछन्। नयाँ पुस्ता, नयाँ भाषा, नयाँ जोखिम लिने पात्रहरू भित्रिनेछन्। यस्तो व्यापक रूपान्तरण नेपालले बिरलै देखेको छ। इतिहासकार फ्रान्सिस फुकुयामाले भनेजस्तै, जब संस्था पुराना हुन्छन् र समाज नयाँ बन्छ, त्यहाँ अवश्य टकराब हुन्छ। नेपाल अहिले त्यही मोडमा छ।

तर यो परिवर्तनसँगै एउटा खतरा पनि समानान्तर रूपमा बढेको छ- अतिवाद। अहिलेको नेपाली राजनीति दुई अतिवादी ध्रुवतर्फ धकेलिँदैछ। एक ध्रुवको प्रतिनिधित्व केपी शर्मा ओलीले गर्छन् भने अर्को ध्रुवको प्रतीक बालेन शाह बनेका छन्। यी दुवै पात्र मध्यबिन्दुमा उभिन नसक्ने, आफ्नै सत्यलाई पूर्ण सत्य ठान्ने राजनीतिक मनोवृत्तिका प्रतिनिधि हुन्।

मेयर भएपछि देखिएको ओली-बालेन टसल आज राष्ट्रिय चुनावमा आइपुगेको छ। यहाँ प्रश्न के हो भने जनताले कुन अतिवादलाई स्वीकार गर्छन् ?

केपी ओली अतिवादका पुराना र अनुभवी खेलाडी हुन्। संस्थागत शक्ति, भाषिक आक्रमण र भावनात्मक राष्ट्रवाद उनको अस्त्र रहँदै आएको छ। बालेन शाह भने यसको ठिक विपरीत ध्रुवमा उभिएका छन्- संस्था विरोधी, कठोर, सम्झौता नगर्ने र 'म नै सही' भन्ने आत्मविश्वासले भरिएका। विचार फरक भएपनि प्रवृत्ति उस्तै छ। यो चुनाव मूलतः यी दुई अतिवादबिचको टकराब हो।

मेयर भएपछि देखिएको ओली-बालेन टसल आज राष्ट्रिय चुनावमा आइपुगेको छ। यहाँ प्रश्न के हो भने जनताले कुन अतिवादलाई स्वीकार गर्छन् ? राजनीतिक दार्शनिक कार्ल पपर भन्छन्, 'अतिवाद तब खतरनाक हुन्छ, जब उसले आत्मसमीक्षा गर्न छाड्छ।' अहिले दुवै ध्रुव यही जोखिमतर्फ उन्मुख देखिन्छन्।

तर इतिहासले के पनि देखाएको छ भने, एउटा अतिवादको अन्त्यका लागि कहिले काहीँ अर्को अतिवाद नै आवश्यक पर्छ। फ्रान्सेली क्रान्ति, भारतीय स्वतन्त्रता आन्दोलन, यहाँसम्म कि नेपालकै ०६२/०६३ को आन्दोलन- सबैमा पुरानो अतिवाद भत्काउन नयाँ अतिवाद प्रयोग भएको थियो। यस अर्थमा बालेनको अतिवाद पूर्ण रूपमा अस्वीकार्य भन्न मिल्दैन। यदि पुरानो राजनीतिक अतिवाद अन्त्य गर्न बालेन आवश्यक पात्र बनेका हुन् भने, त्यसलाई जनताले साथ दिनु स्वाभाविक हो।

ठिक यही रणनीति नेपाली कांग्रेसभित्र गगन थापाले अपनाएका थिए। पार्टीभित्र जरा गाडेर बसेको अतिवादलाई तोड्न उनले आफूलाई अर्को अतिवादको रूपमा प्रस्तुत गरे। त्यो क्षणमा त्यस्तो अभियान आवश्यक थियो। सधैँ अतिवाद गलत हुँदैन; कहिलेकाहीँ त्यो सङ्क्रमणकालीन औषधि पनि हुन्छ।

तर समस्या त्यहाँबाट सुरु हुन्छ, जहाँ औषधि नै दीर्घकालीन भोजन बनाइन्छ। देश सधैँ अतिवादबाट चल्दैन। देश चलाउन त सन्तुलन, समझदारी, संवाद र संस्थागत ज्ञान चाहिन्छ। यहीँबाट बालेन र गगनको तुलना सुरु हुन्छ।

गगन थापा फरक ठाउँमा उभिएका छन्। उनी पुरानो र नयाँ राजनीतिबिचका पुल हुन्। सत्ता कसरी चल्छ र सत्ताले कसरी बिगार्छ, उनले दुवै नजिकबाट देखेका छन्। समकालीन नेपाली राजनीतिमा समयको चाल सबैभन्दा राम्रोसँग बुझ्ने नेता उनी नै हुन्।

केपी ओली आज आफैँ थाकेको भाषा बोलिरहेका छन्। शेरबहादुर देउवाले पार्टी भित्र गुमाएको जसरी नै सम्मानजनक बहिर्गमनको अवसर गुमाएर जबर्जस्ती बहिर्गमनको बाटो रोजेका छन्। त्यसैले अब ओली अतिवादको चर्चा गर्नु अनावश्यक छ। समयले त्यो अध्याय बन्द गर्न खोज्दैछ। त्यो बन्द गर्न बालेनको भारी मत आवश्यक छ।

तर ओली अतिवादको अन्त्यसँगै अर्को प्रश्न उभिन्छ- अब देश कसले चलाउने ? यहाँबाट 'अबकी बार बालेन' र 'अबकी बार गगन' को बहस सुरु हुन्छ। दुवै पात्रले आफूलाई प्रधानमन्त्रीका रूपमा प्रस्तुत गरिसकेका छन्। बालेन राजनीतिमा नयाँ हुन्, योगदान छैन भन्ने तर्क पुरानो राजनीतिक बहाना मात्र हो। ३४ वर्षको युवाले देश हल्लाउने क्षमता राख्छ भने त्यो कम होइन। पढेका छन्, समर्थन छ, साहस छ। यी सबै कुरा स्वीकार गर्नैपर्छ।

तर गगन थापा फरक ठाउँमा उभिएका छन्। उनी पुरानो र नयाँ राजनीतिबिचका पुल हुन्। सत्ता कसरी चल्छ र सत्ताले कसरी बिगार्छ, उनले दुवै नजिकबाट देखेका छन्। समकालीन नेपाली राजनीतिमा समयको चाल सबैभन्दा राम्रोसँग बुझ्ने नेता उनी नै हुन्।

देश चलाउनु भनेको बौद्धिक हुनु वा लोकप्रिय हुनु मात्र होइन। अन्तर्राष्ट्रिय सम्बन्ध, संस्थागत निरन्तरता, आर्थिक संरचना, प्रशासनिक मनोविज्ञान- यी सबै बुझ्न सक्ने नेतृत्व चाहिन्छ। प्रधानमन्त्री पद प्रयोगशाला होइन। यहाँ प्रयोगको मूल्य देशले तिर्छ। यस अर्थमा आजको आवश्यकता स्पष्ट छ, अतिवाद अन्त्यका लागि बालेन, सन्तुलनका लागि गगन। बालेनले भारी मत ल्याएर पुरानो राजनीतिलाई संसद्बाट बिदा गर्नुपर्छ। गगनले देशलाई मिलन र स्थिरताको दिशामा लैजानुपर्छ।

यो युग बालेनको हो, तर यो क्षण गगनको हो। समयक्रममा बालेन पनि तयार हुनेछन्। तर आज, देशलाई सम्हाल्ने हात गगन थापाकै हुनुपर्छ।

नेपालको सन्दर्भमा बालेन र गगनलाई प्रतिस्पर्धी होइन, क्रमिक उत्तराधिकारीका रूपमा हेर्नु नै परिपक्व राजनीति हुनेछ।

बालेन कुनै विचारधाराको उत्पादन होइनन्, उनी आक्रोशको उत्पादन हुन्। यो कुरा बुझ्न जरुरी छ। विचारधाराबाट जन्मिएका नेताहरू संस्थागत हुन्छन्, आक्रोशबाट जन्मिएका नेताहरू व्यक्तिगत हुन्छन्। यहीँबाट जोखिम सुरु हुन्छ। तर फेरि पनि, इतिहासले देखाएको छ- आक्रोश बिना पुरानो संरचना भत्किँदैन।

नेपालको सन्दर्भमा बालेनले प्रतिनिधित्व गरेको अतिवाद पुरानो राजनीतिक संरचनाको विरुद्धको प्रतिरोध हो। यो प्रतिरोध बिना ओली-देउवा-प्रचण्ड शैलीको राजनीति बिदा हुँदैन। त्यसैले बालेनको भारी मत केवल व्यक्तिगत विजय होइन, यो एक राजनीतिक सन्देश हो, अब पुरानो शैली स्वीकार्य छैन।

नेपाल आज करिश्माबाट तर्कतर्फ सर्नुपर्ने मोडमा छ। यसै कारण बालेनलाई अस्वीकार होइन, सही स्थानमा राख्नुपर्ने हुन्छ। संसद्मा, शक्तिशाली जनमतसहित, पुरानो राजनीति तोड्ने भूमिकामा। प्रधानमन्त्री पद भनेको करिश्माको होइन, संयोजनको पद हो। यहाँ सेना, प्रशासन, कूटनीति, अर्थतन्त्र- सबै सन्तुलनमा राख्नुपर्छ। यही क्षमता गगन थापामा देखिन्छ। उनी सडक र सदन दुवै बुझ्छन्। आन्दोलनको भाषा पनि बुझ्छन्, नीति निर्माणको व्याकरण पनि।

अहिलेको विश्व व्यवस्थामा सानो देशका लागि सबैभन्दा खतरनाक कुरा भावनामा बग्नु हो। भावनाले चुनाव जित्न सकिन्छ, तर देश चलाउन सकिँदैन। यही कारणले विश्वका धेरै देशहरूमा करिस्म्याटिक नेतापछि टेक्नोक्र्याटिक वा सन्तुलित नेता खोजिन्छ।

नेपालको सन्दर्भमा बालेन र गगनलाई प्रतिस्पर्धी होइन, क्रमिक उत्तराधिकारीका रूपमा हेर्नु नै परिपक्व राजनीति हुनेछ। पहिले पुरानो संरचना भत्काउने, त्यसका लागि बालेन। त्यसपछि नयाँ स्थिर संरचना बनाउने, त्यसका लागि गगन।

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको महोत्तीको एकमात्र अस्पताल

२४ सं घण्टा इमर्जेन्सी सेवा
ICU,NICU,PICU सेवा
EndosocopyDiode Laser सेवा
विभिन्न विभागहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
Laproscopy सेवा
X-Ray, USG, CT Scan सेवा
क्याबिनको समेत व्यवस्था भएको
247 Ambulance सेवा




SHUBHA SWOSTIK HOSPITAL PVT.LTD
शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनोरोड बर्दिबास, महोत्तरी
०४४-५५२५५,९८१२०१८०१०

# आइपुग्यो मतपत्र बाहेकका निर्वाचन सामग्री

**• टक नेपाल**



फागुन २१ को प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि जिल्ला निर्वाचन कार्यालय मलङ्गवा सर्लाहीमा मतपत्र बाहेकका निर्वाचन सामग्री आइपुगेको छ।

जिल्ला निर्वाचन कार्यालय सर्लाहीका प्रमुख एवं जिल्ला निर्वाचन अधिकारी ऋषिराम पौडेलका अनुसार मतपत्रबाहेक अन्य सम्पूर्ण निर्वाचन सामग्री प्राप्त भइसकेको हो । “आयो गबाट आउनुपर्ने र कार्यालय आफैले जिटुजी गरेर खरिद गरेको सम्पूर्ण निर्वाचन सामग्री प्राप्त भइसकेको अवस्था हो” जिल्ला निर्वाचन अधिकारी पौडेलले भन्नुभयो, “हामीकहाँ आएका सामग्री सुरक्षाकर्मीसमेतको उपस्थितिमा धमाधम प्याकिङ गर्ने कामसमेत गरिरहेका छौं ।”

प्याकिङ गरिएका निर्वाचन सामग्री मतदानको केही दिनअघि मात्र निर्वाचन अधिकृतको कार्यालयमा पठाइने जिल्ला निर्वाचन अधिकारी पौडेलले बताउनुभयो । सर्लाहीको चारवटै निर्वाचन क्षेत्रको मतपत्र भने फागुन १० गतेपछि मात्र आउने जिल्ला निर्वाचन अधिकारी पौडेलको भनाइ छ।

मतदानको दिन नजिकिँदै जाँदा सर्लाहीमा निर्वाचनको अन्य तयारीसमेत तीव्र पारिएको छ । यो पटकको प्रतिनिधि सभा सदस्य निर्वाचनमा सर्लाहीभरी तीन हजार ७६८ जना कर्मचारी खटाइने जिल्ला निर्वाचन कार्यालय सर्लाहीले जनाएको छ।

यहाँका चार वटा निर्वाचन क्षेत्रमा ३१२ मतदान स्थलभित्र ६२८ मतदान केन्द्र तोकिएको छ। एउटा मतदान केन्द्रमा एक जना मतदान अधिकृत, एक जना सहायक मतदान अधिकृत, तीन जना सहायकस्तरका कर्मचारी र मतदान केन्द्रमै पुगेपछि मतदान अधिकृतले स्थानीयस्तरका दुई जना सहयोगी खटाउन सक्नेगरी व्यवस्थापन गर्न लागिएको सर्लाहीका मुख्य निर्वाचन अधिकृत पुष्पराज थपलियाले बताउनुभयो।

मुख्य निर्वाचन अधिकृत थपलियाले अब आफूहरू कर्मचारीलाई मतदान केन्द्र तोक्ने र मतदान अधिकृत तथा सहायक मतदान अधिकृतलाई तालिम प्रदान गने ' तयारीमा जुटेको बताउनुभयो। निर्वाचनमा सुरक्षाको अनुभूति गराउन सुरक्षा निकायहरु प्नि सुरक्षा योजना तय गर्नेदेखि सुरक्षा गस्ती बढाउनेतर्फ केन्द्रित रहेको पाइन्छ । सर्लाहीका प्रमुख जिल्ला अधिकारी एवं जिल्ला सुरक्षा समितिका अध्यक्ष रामुराज कडरियाले निर्वाचनमा खटिनका लागि काठमाडौंसहित विभिन्न गणबाट थप मद्दतमा नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी आउनेक्रम जारी रहेको बताउनुभयो । सरकारी निकाय चुनावी वातावरण बनाउन र त्यसकै तयारीमा जुट्दै गर्दा जिल्लाका मतदाता र उम्मे दवारमा चुनावी रौनकता छाएको छ।

# चरित्रमा प्रश्न उठाउँदै श्रीमतीको हत्या गरी फरार

**• टक नेपाल**




रौतहटको पश्चिमी भेगस्थित फतुवा विजयपुर नगरपालिका-६ पेटभरवाका ४५ वर्षीय महन्थ राय यादवले आफ्नै ३५ वर्षीय श्रीमती आरती देवी यादवको हत्या गरेका छन् । धारिलो हतियार प्रहार गरी श्रीमतीको हत्या गरेपछि यादव फरार भएका छन् ।

फतुवा विजयपुर नगरपालिका-६ का अध्यक्ष रामएकवाल यादवका अनुसार महन्थ र आरतीबिच केही वर्षदेखि राम्रो सम्बन्ध थिएन। महन्थ गाउँ नजिकैको चोकमा सानो होटल सञ्चालन गर्दै आएका थिए भने उनकी श्रीमती आरती करिब तीन वर्षदेखि उद्योगमा काम गर्ने भन्दै घर छाडेर वीरगञ्ज, जीतपुर, सिमरा र चन्द्रपुरलगायत स्थानमा बस्दै आएकी थिइन्।

पाँच दिनअघि मात्र उनी श्रीमानको घर फर्किएकी थिइन् । दम्पतीबिचको विवादकै कारण उनका दुई छोरा गरुडा नगरपालिकास्थित मामाघरमा बस्दै आएका छन्।

शनिबार राति सँगै खाना खाएर सुतेका दम्पती आइतबार बिहान ११ बजेसम्म बाहिर ननिस्किएपछि स्थानीयवासीलाई शंका लागेको थियो। वडा अध्यक्ष यादवका अनुसार स्थानीयले खबर गरेपछि उनले इलाका प्रहरी कार्यालय सन्तपुर, दोस्तियालाई यसबारे जानकारी गराएका थिए।

प्रहरी टोलीले स्थानीय र जनप्रतिनिधिको रोहवरमा घरको ढोका खोल्दा आरती देवी यादव मृत अवस्थामा फेला परेकी थिइन् । उनको टाउको र घाँटीमा धारिलो हतियार प्रहार गरिएको देखिएको थियो। घटनास्थलबाट सानो बन्चरो र मासु काट्ने दाउ बरामद भएको प्रहरीले जनाएको छ।

घटनापछि महन्थ फरार छन् । वडा अध्यक्ष यादवले प्रहरीको रोहवरमा आरोपितको मोबाइलमा सम्पर्क गर्दा उनले आरतीलाई ‘चरित्रहीन’ भएको आरोप लगाउँदै हत्या गरेको स्वीकार गरेका छन् । उनले सोमबार प्रहरी समक्ष आत्मसमर्पण गर्ने जानकारी दिएको अध्यक्ष यादवले बताए।

रौतहट प्रहरी प्रमुख एसपी सिताराम रिजालले दम्पतीबिच लामो समयदेखि विवाद रहेको प्रारम्भिक अनुसन्धानबाट खुलेको बताए । उनले अनुसन्धान पूरा नभएसम्म घटनाको कारणबारे ठोस निष्कर्षमा पुग्न नसकिने स्पष्ट पारे।

मृतकको शव पोष्टमार्टमका लागि प्रादेशिक अस्पताल गौरमा राखिएको तथा घटनाबारे थप अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ।

Pan No. 121584733
DDA No. 3780432055942
9705446882, 9705446883
खुशी मेडिकल हल
बर्दिवास-२, महोत्तरी औषधी पसल
यहाँ सबै प्रकारका औषधी सुपथ मुल्यमा पाउनुका साथै २४ घण्टा फार्मेसी तथा ल्याब सेवा उपलब्ध छ ।


जनहितमा जारी
❖ बिना अनुमति बोडिं नगनुहोस्।
❖ भूमिगत जलस्रोतको अनियन्त्रित दोहनले वातावणीय संकट निम्त्याउँछ।
❖ जलस्रोतको वज्ञानिक दिगो प्रयोगमा जोड दिनुहोस्।
❖ खेती प्रणालीमा आधुनिक सिचाइ प्रविधि (जस्तः ड्रिप, स्प्रिंकल) अपनाआं।
❖ सम्बन्धित कायालयबाट सिचाइका लागि अनुमतिपत्र अनिवाय रूपमा लिनुहोस्।
❖ गहिो बोडिं गदा भूगभीय अध्ययन सल्लाह लिनुहोस्।
❖ अनियन्त्रित बोडिंले जमिन भासिने वा पानी सुक्ने समस्या आउन सक्छ।
❖ सावजनिक तथा सामुदायिक जलस्रोत संक्षणमा सामूहिक पहल गां।
❖ बेमासमी खेती तथा बहुवर्षीय बालीका लागि पानीको समुचित व्यवस्थापन गां।
❖ पानीको सिइकल पुन:प्रयोग प्रविधि प्रयोगमा ल्याआं।
❖ कषकहरूलाइ सिचाइ सम्बन्धी नियमित तालिम जानकीमा सहभागी गाआं।
❖ जलस्रोत प्रयोगमा लंगिक समानता समावेशीतालाइ सुनिश्चित गां।
❖ ‘जल छ भने जीवन छ’ भन्ने कुलाइ व्यवहामा उतां।



सम्सी गाउँपालिका,महोत्तरी

पूर्ण खोप, सुरक्षित भविष्य
राष्ट्रिय खोप कार्यक्रम
पाठेघरको मुखको क्यान्सर विरुद्ध
एच.पि.भी. खोप
माघ २५ गतेदेखि
फागुन १५ गतेसम्म
तर स्थानीय तह अनुसार मिति र समय फरक-फरक हुने भएकाले नजिकैको विद्यालय वा स्वास्थ्य संस्थामा बुझेर खोप लगाउनुहोला ।
खोप कसलाई दिईंदैछ?
कक्षा ६ मा अध्ययनरत सबै छात्रा तथा विद्यालय बाहिर रहेका १० वर्ष उमेरका किशोरीहरूलाई खोप दिइनेछ ।
साथै, गत वर्षको एच.पि.भी. खोप अभियानमा छुटेका
हाल कक्षा ७ देखि १० सम्म अध्ययनरत छात्रा तथा विद्यालय बाहिर रहेका ११ देखि १४ वर्ष उमेरका किशोरीहरूलाई पनि यो खोप दिइनेछ ।






खोप नि:शुल्क पाइन्छ | खोप सुरक्षित छ | खोपले जीवन रक्षा गर्छ
औरही नगरपालिका , महोत्तरी, मधेश प्रदेश

बर्दिबास मिडिया ग्रुप प्रा.लि. द्वारा प्रकाशित, प्रकाशकः तुलसामाया कार्की, अध्यक्ष निर्देशकः ललन मण्डल, सम्पादक : रंजु साह
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बदिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com , Mo.9863321014